NSW शिक्षा विभाग

## Behaviour code for students

Information for students and parents or carers

# विद्यार्थीहरूको लागि व्यवहार संहिता

## विद्यार्थी र अभिभावक वा हेरचाहकर्ताहरूको लागि जानकारी

NSW सार्वजनिक विद्यालयहरू सबैका लागि विभिन्न वातावरणमा सुरक्षित, सहयोगी र उत्तरदायी सिकाइको वातावरण प्रदान गर्न प्रतिबद्ध छन्। हामी हाम्रा विद्यार्थीहरूमा हामीले कदर गर्ने समावेशी र सुरक्षित व्यवहारहरू सिकाउँछौं र नमूना देखाउँछौं।

### NSW सार्वजनिक विद्यालयहरूमा विद्यार्थीहरूले आफ्नो उच्च क्षमताअनुसार निम्न कुराहरू गर्ने अपेक्षा गरिन्छ:

- अन्य विद्यार्थीहरू, उनीहरूका शिक्षकहरू र विद्यालयका कर्मचारीहरू र समुदायका सदस्यहरूलाई आदर देखाउने
- स्कूल र कक्षाको नियमहरू पालना गर्ने र उनीहरूका शिक्षकहरूको निर्देशनहरू पालना गर्ने
- सिकाइमा उच्चस्तरको लागि प्रयास गर्ने
- नम्रतापूर्वक र आदरपूर्वक व्यवहार गर्ने जसले विद्यालय समुदायका सबै सदस्यहरूले  महत्व दिइएको, समावेश र सहायता गरिएको महसुस गर्छन्
- द्वन्द्वलाई सम्मानपूर्वक, शान्तिपूर्वक र निष्पक्ष रूपमा समाधान गर्ने
- विद्यालयमा मान्य युनिफर्म नीति वा ड्रेस कोड पूरा गर्ने
- हरेक दिन विद्यालयमा हाजिर हुने (कानुनीरूपमा जानु नपर्ने अवस्थामा बाहेक)
- सबै सम्पत्तिको सम्मान गर्ने
- सुरक्षित रहने र हिंस्रक नहुने वा हाम्रा विद्यालयहरूमा हतियार, अवैध लागूऔषध, मदिरा, भ्येप, ई-सिगरेट वा सुर्तीजन्य पदार्थ नल्याउने
- हाम्रा विद्यालयहरूमा कसैलाई गाली, उत्पीडन, धम्की, वा भेदभाव नगर्ने।

विद्यालयहरूले आफू वा अरूको लागि हानिकारक हुने वा उच्च गुणस्तरको शिक्षण र सिकाइको उपलब्धीमा वाधा पुर्याउने व्यवहार गरिएमा ती व्यवहारहरूको प्रतिक्रियामा कारबाही गर्छन्।

### सबै विद्यार्थीहरूलाई निम्न अधिकार छ:

- विद्यालयमा सुरक्षित रहने
- तिनीहरूको सिकाइमा पहुँच र पूर्ण रूपमा भाग लिने
- अन्य विद्यार्थी, शिक्षकहरू र विद्यालयका कर्मचारीहरूद्वारा सम्मानका साथ व्यवहार गरिने
- आफ्ना विचारहरू व्यक्त गर्ने, लक्ष्यहरू बनाउने र आत्म-वकालत गर्ने।

प्रधानाध्यापक र स्कूलका कर्मचारीहरूले उनीहरूको पेशगत विवेक प्रयोग गरेर अनुशासन कायम गर्न र सुरक्षित, सहयोगी र उत्तरदायी सिकाइ वातावरण प्रदान गर्न र विद्यार्थीहरूले यी अपेक्षाहरू पूरा नगरेको बेला उपयुक्त कार्यवाही लागू गर्न उत्तम अवस्थामा हुन्छन्।

विभाग कानुनी मुद्दा बुलेटिनहरू, विशेषज्ञ सल्लाहमा पहुँच, र प्रधानाध्यापकहरू र उनीहरूका कर्मचारीहरूलाई उनीहरूको पेशगत विवेक प्रयोग गराउन मार्गदर्शन गर्न व्यावसायिक शिक्षाजस्ता नीति रूपरेखा र स्रोतहरूको प्रावधानको लागि जिम्मेवार छ।

यस सन्दर्भमा, NSW सरकार र शिक्षा विभागले स्थानीयस्तरमा प्रधानाध्यापकहरू र विद्यालय कर्मचारीहरूको अधिकार र निर्णयलाई समर्थन गर्नेछ।

### विद्यार्थीहरूको लागि व्यवहार संहिता: विद्यार्थीका कार्यहरू

NSW सार्वजनिक विद्यालयहरूमा सबै विद्यार्थीहरूको समावेशीकरण, सिकाइ, कल्याण र सुरक्षालाई बढावा दिनु शिक्षा विभागको उच्च प्राथमिकता हो।

सम्मानजनक, सुरक्षित र संलग्न व्यवहारको लागि हाम्रो उच्च मापदण्डहरू पूरा गर्न विद्यार्थीहरूलाई आवश्यक सीपहरूको विकासलाई सहयोग गर्न हामी विभिन्न सेटिङहरूमा शिक्षण र सिकाइ दृष्टिकोणहरू कार्यान्वयन गर्दछौं।

**माथि उल्लिखित अपेक्षाहरू पूरा गर्न, NSW सार्वजनिक विद्यालयका विद्यार्थीहरूले  आफ्नो क्षमताअनुसार निम्न सिद्धान्तहरूको पालना गर्नुपर्छ।**

### आदर

- एकअर्कालाई इज्जतका साथ व्यवहार गर्ने।
- विनम्रतापूर्वक सञ्चार र व्यवहार गर्ने।
- अन्य विद्यार्थीहरू, शिक्षकहरू, र विद्यालयका कर्मचारीहरूसँग सहकार्य गरेर काम गर्ने।
- सकारात्मक र सम्मानजनक सम्बन्धहरू विकास गर्ने।
- अरूको रुचि, क्षमता र संस्कृतिलाई महत्व दिने।
- अन्य विद्यार्थीहरूको सिकाइ आवश्यकताहरूको सम्मान गर्ने।
- उचित पहिरनका रूपमा मान्य स्कूल युनिफर्म वा ड्रेस कोड लगाउने।
- विद्यालयको सम्पत्ति र कर्मचारी र अन्य विद्यार्थीहरूको सम्पत्तिको हेरचाह गर्ने।



NSW GOVERNMENT

## सुरक्षा

- व्यवहार र आचरणका विषयहरूमा स्कूल र कक्षाका नियमहरू र अपेक्षाहरूको नमूना देखाउने र पालना गर्ने।
- वार्ता गर्ने र द्वन्द्व समाधान गर्ने।
- उनीहरूको व्यवहार र कार्यहरूले अरूलाई कसरी असर गर्छ भन्नेबारे सचेत हुने र जिम्मेवारी लिने।
- आफ्नो र अरूको हेरचाह गर्ने।
- सुरक्षित रहने र आफूलाई वा अरूलाई चोट नपुर्‍याउने सुरक्षित छनौट गर्न अरूलाई मद्दत गर्ने।

## संलग्नता

- समयमै विद्यालय र कक्षामा आउने।
- हरेक पाठको लागि तयार रहने।
- सिकाइमा सक्रिय रूपमा भाग लिने।
- शिक्षाको उच्चतम स्तर प्राप्त गर्ने आकांक्षा र प्रयास गर्ने।

## टेलिफोन दोभाषे सेवा

यदि तपाईं थप जानकारी चाहनुहुन्छ भने कृपया स्कूलमा फोन गर्नुहोस्। यदि तपाईंलाई आफ्नो सोधपुछमा सहयोग गर्न दोभाषे चाहिन्छ भने, कृपया टेलिफोन दोभाषे सेवालाई 131 450 मा फोन गर्नुहोस् र आफ्नो भाषामा दोभाषे माग्नुहोस्।

अपरेटरलाई तपाईंले फोन गर्न चाहेको फोन नम्बर बताउनुहोस् र उहाँले तपाईंलाई कुरा गर्न सहयोग गर्न लाइनमा दोभाषे जोडिदिनु हुनेछ। तपाईंलाई यो सेवाको लागि शुल्क लाग्ने छैन।